# अर्थ मन्त्रालयसँग सम्वन्धित सार्वजनिक विवरण

## सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ५(३) को प्रयोजनार्थ

(२०७५ श्रावण देखि २०७६ असार मसान्तसम्म)



अर्थ मन्त्रालय

सिंहदरवार

श्रावण, २०७६

www.mof.gov.np

## १. अर्थ मन्त्रालयको परिचय र उद्देश्यः

### (क) पृष्ठभूमिः

समष्टिगत आर्थिक नीतिहरुको तर्जुमा र कार्यान्वयनको माध्यमबाट मुलुकको आर्थिक विकासमा अर्थ मन्त्रालयको नेतृत्वदायी भूमिका रहेको छ। मुलुकको आर्थिक क्षेत्र, सार्वजनिक वित्त, वित्तीय तथा मौद्रिक क्षेत्रसंग सम्वन्धित नीति तर्जुमा, कार्यान्वयन तथा अनुगमन र व्यवस्थापन गर्ने दायित्व अर्थ मन्त्रालयमा रहेको छ। नेपाल सरकारको वार्षिक बजेट तर्जुमा र बजेटको कार्यान्वयन, सार्वजनिक खर्च व्यवस्थापन, सार्वजनिक ऋण व्यवस्थापन, राजस्व व्यवस्थापन तथा स्रोत परिचालन, समष्टिगत आर्थिक स्थायित्व, अन्तर्राष्ट्रिय आर्थिक सहायता परिचालन तथा व्यवस्थापन, विदेशी मुद्रा विनिमय नियन्त्रण तथा नियमन, राजस्व चुहावट नियन्त्रण, सामान्य मूल्य नीति, सार्वजनिक संस्थानको समग्र नीतिगत विषय तथा नेपाल सरकारको आर्थिक प्रशासन, बैंकिङ्क तथा वित्तिय क्षेत्र व्यवस्थापन, बीमा र पुँजी बजारको व्यवस्थापन र नियमन जस्ता विषय अर्थ मन्त्रालयको कार्य क्षेत्र भित्र पर्दछ। साथै वित्तीय संघीयताको कार्यान्वयनको क्रममा संघ, प्रदेश तथा स्थानीय तहको संविधान प्रदत्त अधिकारको कार्यान्वयनको लागि आवश्यक पर्ने वित्तीय स्रोतको परिचालन, राजस्व तथा रोयल्टी बाँडफाँड र अन्तर सरकारी वित्त हस्तान्तरणको व्यवस्थापनको विषय पनि यस मन्त्रालयले हेर्ने गर्दछ। वित्तीय नीति मार्फत अर्थ मन्त्रालयले मुलुकको सम्पूर्ण आर्थिक क्षेत्रलाई गतिशील वनाउने भूमिका समेत खेल्दै आएको छ।

### (ख) दृष्टिकोणः

सबल आर्थिक नीति, सार्वजनिक वित्त तथा आर्थिक क्षेत्र व्यवस्थापनको माध्यमबाट दिगो, फराकिलो तथा उच्च दरको आर्थिक वृद्धि हासिल गरी सुदृढ अर्थतन्त्रको निर्माण गरी समृद्ध नेपाल बनाउने अभियानमा सहयोग पुऱ्याउने।

### (ग) ध्येयः

आन्तरिक राजस्वको आधारलाई सुदृढ गर्दै उपलव्ध वित्तीय स्रोतको प्रभावकारी र समुचित उपयोगबाट समष्टिगत आर्थिक स्थायित्व कायम गर्नमा सहयोग पुऱ्याउने।

### (घ) रणनीतिः

(१) राजस्व प्रशासनको संरचनागत एवं संस्थागत सुधार गर्ने।
(२) कर चुहावट नियन्त्रण एवं कर परिपालनाको स्तर अभिबृद्धि गर्ने।
(३) वित्तिय सुशासन कायम गर्ने।

#### (१) समष्टिगत लक्ष्यः

मुलुकको आर्थिक नीति तर्जुमा गर्न योगदान गर्ने र आर्थिक नीति व्यवस्थापनको कार्य गर्ने।

(२) **कार्यनीतिक लक्ष्यहरुः**

- राजस्व प्रणालीलाई सरल बनाउने, कराधार फराकिलो गर्ने र उपयुक्त करका दरहरु तोक्ने ।
- कर प्रशासनको दक्षता र प्रभावकारितामा सुधार गर्ने ।
- प्राथमिकता प्राप्त क्षेत्रहरुको लागि प्रभावकारी र न्यायोचित रुपमा साधनको बाँडफाँड गर्ने नीति अवलम्वन गर्ने ।
- वित्तीय संस्था र वित्तीय उपकरणहरुको माध्यमबाट उत्पादन र बजारको सुदृढीकरण गर्दै सक्षम वित्तीय प्रणालीको विकास गर्ने ।
- सरकारी स्वामित्वका संस्थानहरुलाई प्रभावकारी बनाउनका लागि निजीकरण नीतिका साथै आवश्यक अन्य नीतिहरु अवलम्वन गर्ने ।
- पारदर्शी र उत्तरदायी आर्थिक तथा वित्तीय सूचना प्रणाली अवलम्वन गर्ने ।
- सार्वजनिक क्षेत्रका कर्मचारीहरुको लागि उपयुक्त तलबमान एवं प्रोत्साहन प्रणाली अवलम्वन गर्ने ।
- सार्वजनिक खर्च सम्वन्धी नीतिहरुको तर्जुमा र कार्यान्वयन गर्ने ।
- वैदेशिक सहायताबाट प्राप्त स्रोतहरुको व्यवस्थापनको लागि प्रभावकारी अनुगमन र मूल्याङ्कन प्रणालीलाई संस्थागत गर्ने ।
- सार्वजनिक र निजीक्षेत्र वीच विश्वासको वातावरण कायम गर्दै समग्र आर्थिक विकासमा निजी क्षेत्रको संलग्नताको लागि अनुकूल वातावरणको सृजनामा सहयोग गर्ने ।
- नेपाल सरकार, प्रदेश तथा स्थानीय तहवीच आर्थिक नीति, लगानी, ऋण व्यवस्थापन, राजस्व वाँडफाँड र अनुदानको विषयमा समन्वयकारी भूमिका निर्वाह गर्ने ।

(ङ) **रणनीतिक उद्देश्यहरुः**

- आर्थिक व्यवस्थापन सुधार कार्यमा योगदान पुर्याउने ।
- संबिधान कार्यान्वयन, आधारभूत स्वास्थ्य सेवा र शिक्षा र ग्रामीण पूर्वाधार विकास जस्ता सामाजिक–आर्थिक पूर्वाधार, पूँजी निर्माण र गरिबी निवारण र पूनर्निर्माणलाई तिब्रता दिने गरी सार्वजनिक खर्चको प्राथमिकीकरण गर्ने ।
- राजस्वको क्षेत्र र दायरा वृद्धि हुने उपायको खोजी गर्ने ।
- प्रभावकारी र दक्ष सेवाको प्रत्याभूतिको लागि बजेट सहयोग उपलव्ध गराउने ।
- आवश्यकतामा आधारित वैदेशिक सहयोग परिचालन गर्ने र वैदेशिक सहयोगको प्रभावकारीतामा सुधार गर्ने ।
- सार्वजनिक संस्थानहरुमा प्रभावकारी वित्तीय व्यवस्थापन अभ्यासहरुको प्रत्याभूति गर्ने र तिनीहरुले प्रदान गर्ने सेवाहरुमा सुधार गर्ने ।
- विभिन्न मन्त्रालय, विभाग र निकायहरुको लागि भएको बजेट विनियोजन र तिनीहरुले प्रदान गर्ने सेवा प्रवाह प्रणाली वीचमा प्रभावकारी सम्वन्ध स्थापित गर्ने ।

## २. संगठनात्मक स्वरुपः



(अनुसूची ४)

# अर्थ मन्त्रालयको दरवन्दी तेरिज

| क्रम | पद | श्रेणी/तह | सेवा | समूह | मौजुदा दरवन्दी | थप | घट | खुद कायम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | सचिव | विशिष्ट | प्रशासन | | १ | | | १ | |
| २ | सचिव (राजस्व) | विशिष्ट | प्रशासन | | १ | | | १ | |
| ३ | सहसचिव | रा.प.प्र. | प्रशासन | सा.प्र. | ९ | | २ | ७ | |
| ४ | सहसचिव | रा.प.प्र. | न्याय | कानून | १ | | | १ | |
| ५ | उपसचिव | रा.प.द्वि. | प्रशासन | राजस्व | ३३ | | ५ | २८ | |
| ६ | उपसचिव | रा.प.द्वि. | प्रशासन | सा.प्र. | १ | | | १ | |
| ७ | उपसचिवलेखा | रा.प.द्वि. | प्रशासन | लेखा | ४ | | ३ | १ | |
| ८ | उपसचिव | रा.प.द्वि. | न्याय | कानून | १ | | | १ | |
| ९ | उप सचिव सूचना प्रविधि | रा.प.द्वि. | विविध | | १ | | | १ | |
| १० | वरिष्ठ तथ्यांकशास्त्री | रा.प.द्वि. | यो.त. | तथ्याङ्क | १ | | | १ | |
| ११ | शाखा अधिकृत | रा.प.तृ. | प्रशासन | राजस्व | ४२ | ६ | | ४८ | |
| १२ | शाखा अधिकृत | रा.प.तृ. | प्रशासन | सा.प्र. | ४ | | १ | ३ | |
| १३ | शाखा अधिकृत | रा.प.तृ. | न्याय | कानून | १ | १ | | २ | |
| १४ | तथ्याङ्क अधिकृत | रा.प.तृ. | विविध | तथ्याङ्क | १ | | | १ | |
| १५ | कम्प्यूटर इन्जिनियर | रा.प.तृ. | विविध | | ३ | | | ३ | |
| १६ | कम्प्यूटर अधिकृत | रा.प.तृ. | विविध | | ११ | | | ११ | |
| १७ | लेखा अधिकृत | रा.प.तृ. | प्रशासन | लेखा | १ | | | १ | |
| १८ | अर्थशास्त्री | रा.प.तृ. | विविध | | १ | १ | | २ | |
| १९ | पुस्तकालय अधिकृत | रा.प.तृ. | शिक्षा | पु.विज्ञान | १ | | | १ | |
| २० | नायवसुव्वा | रा.प.अनं.प्रथम | प्रशासन | राजस्व | ४० | | २० | २० | |
| २१ | नायवसुव्वा | रा.प.अनं.प्रथम | प्रशासन | सा.प्र. | ३ | | | ३ | |
| २२ | लेखापाल | रा.प.अनं.प्रथम | प्रशासन | लेखा | ५ | | ३ | २ | |
| २३ | कम्प्यूटर अपरेटर | रा.प.अनं.प्र.प्रा. | विविध | | ३ | | | ३ | |
| २४ | कार्टोग्राफर | रा.प.अनं.प्रथम | विविध | | १ | | १ | ० | |
| २६ | सि.प्लम्वर | रा.प.अनं.प्रथम | इन्जि. | इले. | १ | | | १ | |
| २७ | सि.अफसेटप्रेसम्यान | रा.प.अनं.प्रथम | शिक्षा | मुद्रण | १ | | | १ | |
| २८ | खरिदार | रा.प.अनं.द्वि. | प्रशासन | राजस्व | ११ | | ११ | ० | |
| २९ | सह लेखापाल | रा.प.अनं.द्वि. | प्रशासन | लेखा | ३ | | ३ | ० | |
| ३० | इलेक्ट्रिसियन | रा.प.अनं.द्वि. | इन्जि. | इले. | १ | | १ | ० | |
| ३१ | टेलिफोन अपरेटर | रा.प.अनं.द्वि. | विविध | | १ | | | १ | |
| ३२ | टाइपिष्ट | वेग अनुसार | प्रशासन | | ६ | | ६ | ० | |
| ३४ | प्र.हेडगार्ड | रा.प.अनं.द्वि. | प्रशासन | | १ | | १ | ० | |
| ३६ | लिथो सहायक | रा.प.अनं.तृ. | विविध | | १ | | १ | ० | |
| ३७ | हलुकासवारी चालक | श्रेणीविहिन | | | १४ | १ | | १५ | |
| ३८ | कार्यालयसहयोगी | श्रेणीविहिन | | | २५ | | १ | २४ | |
| ३९ | माली | श्रेणीविहिन | | | २ | | २ | ० | |
| ४० | गार्ड | श्रेणीविहिन | | | ३ | | २ | १ | |
| | | | | जम्मा | २४० | ९ | ६२ | १८६ | |

**कार्यक्षेत्र**

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ ले अर्थ मन्त्रालय अन्तर्गतको निकायहरुको कार्य सम्पादनका लागि निर्दिष्ट गरेका कार्यक्षेत्रहरु निम्न बमोजिम रहेका छन्:

१. आर्थिक अवस्थाको विश्लेषण, आर्थिक तथा वित्त सम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन

२. आर्थिक साधनको बाँडफाँड, कुल राष्ट्रिय लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन

३. समष्टिगत आर्थिक स्थायित्व, मूल्य स्थिरता सम्बन्धी नीति तर्जमा, कार्यान्वयन र नियमन

४. विकास सहायता नीतिको तर्जुमा, कार्यान्वयन, अनुगमन,मूल्यांकन र नियमन

५. केन्द्रीय बैंक सञ्चालन, नियमन र मौद्रिक नीति

६. बैंक तथा वित्तीय संस्थाहरु सम्बन्धी नीति, कानून, समन्वय र नियमन

७. विदेशी मुद्रा विनियम तथा नियन्त्रण

८. आर्थिक तथा सामाजिक विकास र मुद्रा तथा बैङ्किङ्ग सम्बन्धी द्विपक्षीय अन्तर्राष्ट्रिय संस्थाहरुसँग सम्पर्क र समन्वय

९. बैदेशिक ऋण, अनुदान तथा अन्य द्विपक्षीय र बहुपक्षीय सहायता सम्वन्धी अन्तर्राष्ट्रियसन्धि, सम्झौता र कार्यान्वयन

१०. सङ्घीय सञ्चितकोष वा सङ्घीय सरकारी कोष सञ्चालन, राजस्व र व्ययको अनुमान, विनियोजन ऐन, पुरक अनुमान,पेस्की खर्च, उधारो खर्च, आकस्मिक कोष र अन्यसरकारी कोष

११. बजेट तर्जुमा, कार्यान्वयन र नियमन

१२. सरकारी जमानत

१३. संघ, प्रदेश र स्थानीय तहको आन्तरिक र बैदेशिक ऋण एव अनुदान सम्वन्धी नीति, कानून र नियमन

१४. तलव, भत्ता, उपदान, निबृत्तिभरण लगायतका सेवा सुविधा र आर्थिक दायित्व सम्बन्धी विषय

१५. संघ, प्रदेश र स्थानीय तहको सार्वजनिक पदाधिकारीको सुविधा सम्वन्धी नीति, कानून र नियमन

१६. सरकारी बाँकी रकमको अभिलेखीकरण र असुली

१७. राजस्व सम्वन्धी नीति, कानून, मापदण्ड, योजना, प्रक्षेपण, कार्यान्वयन र नियमन

१८. राजस्व प्रशासनको सञ्चालन र सुदृढीकरण

१९. सार्वजनिक खर्च सम्बन्धि नीति, कानून र नियमन

२०. आर्थिक कार्याविधी सम्बन्धी नीति, कानून मापदण्ड, कार्यान्वयन र नियमन

२१. मूल्य नीति

२२. लेखा तथा लेखापरीक्षण प्रणाली

२३. सरकारी लगानी र लाभांशको लेखा ब्यवस्थापन

२४. संघ, प्रदेश र स्थानीय तहबीच वित्तीय हस्तान्तरण सम्बन्धी नीति, कानून,कार्यान्वयन र नियमन

२५. सङ्घीय विनियोजन, राजस्व, विभाज्य कोष, धरौटी कार्य सञ्चालन कोष र अन्य सरकारी कोष तथा सम्पत्ति

२६. भन्सार, अन्तःशुल्क, मूल्य अभिबृद्धि कर, आयकर, राहदानी शुल्क, भिसा शुल्क, पर्यटन दस्तुर एवं अन्य कर तथा गैरकर, सेवाशुल्क दस्तुर लगायतका सेवा शुल्कहरुको लक्ष्य निर्धारण, प्रशासन, सङ्कलन र बाँडफाँड

२७. कर तथा भन्सार राजस्व सम्बन्धी द्विपक्षीय, बहुपक्षीय समन्वय, सन्धी, सम्झौता, समझदारी, कार्यान्वयन र नियमन

२८. राजस्व सम्बन्धी तथ्याङ्क अभिलेखन र सूचना आदानप्रदान

२९. धितोपत्र तथा कमोडिटी बजार सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन

३०. बीमा सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन

३१. संघ, प्रदेश र स्थानीय तहमा राजस्व र प्राकृतिक स्रोत उपयोग वा लाभको बाँडफाँड सम्वन्धी नीति, कानून मापदण्ड र कार्यान्वयन

३२. राजस्व चुहावट नियन्त्रण

३३. महालेखा परीक्षकको कार्यालय

३४. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

३५. निक्षेप तथा कर्जा सुरक्षण कोष

३६. सरकारी स्वामित्वमा रहेका संस्थानको नियमन, नियन्त्रण, समन्वय र निर्देशन तथा तलव, भत्ता, बोनस, लगानी र लाभांश सम्बन्धी नीति निर्धारण

३७. राजस्व र आर्थिक प्रशासन सम्बन्धी तालिम, अध्ययन र अनुसन्धान

३८. कर्मचारी सञ्चय कोष

३९. नागरिक लगानी कोष

४०. अवकाश कोष

४१. सार्वजिनक संस्थानहरु र निजीकरण सम्बन्धी नीति, कानून, मापदण्ड अनुगमन र नियमन

४२. मन्त्रालय सम्बन्धी सार्वजिनक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन

४३. नेपाल लेखा परीक्षण सेवाको सञ्चालन

## ३. अर्थ मन्त्रालयले गर्ने कार्य र सेवाः

(क) माथि उल्लिखित कार्य क्षेत्र अन्तरगतका नीतिगत कार्यहरु र

(ख) मन्त्रालयको दैनिक प्रशासन सञ्चालन सम्बन्धी कार्यहरु।

## ४. सचिवालय, महाशाखा, जिम्मेवार अधिकारी र सम्पूर्ण टेलिफोन नम्वरः

| सि.नं. | सचिवालय/महाशाखा | जिम्मेवार अधिकारी | फोन नं. |
|---|---|---|---|
| १. | माननीय अर्थमन्त्री | डा. युवराज खतिवडा | ४२११३९० |
| २. | सचिव | डा. राजन खनाल | ४२११३३२ |
| ३. | सचिव (राजस्व) | श्री लालशंकर घिमिरे | ४२११८०४ |
| ४. | बजेट तथा कार्यक्रम महाशाखा | सहसचिव श्री हरिशरण पुडासैनी | ४२११८०१ |
| ५. | अन्तराष्ट्रिय आर्थिक सहयोग समन्वय महाशाखा | सहसचिव श्री श्रीकृष्ण नेपाल | ४२११३७१ |
| ६. | राजस्व व्यवस्थापन महाशाखा | सहसचिव श्री निर्मलहरि अधिकारी | ४२११३१५ |
| ७. | आर्थिक नीति विश्लेषण महाशाखा | सहसचिव श्री मुकुन्दप्रसाद पौडेल | ४२११३२६ |
| ९. | कानून तथा फैसला कार्यान्वयन महाशाखा | सहसचिव श्री उदयराज सापकोटा | ४२११८१३ |
| १०. | वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा | सहसचिव श्री तोयम राया | ४२११३७७ |
| ११. | योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा | सहसचिव श्री उत्तरकुमार खत्री | ४२००४१८ |
| १२. | प्रशासन महाशाखा | सहसचिव श्री सुमन दाहाल | ४२११३०० |

## ५. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः

### (क) सूचना दिँदा लिनुपर्ने शुल्क/दस्तुर

- सूचना मागको निवेदन दिँदा कुनै शुल्क वा दस्तुर लाग्दैन।
- सामान्य आकारको (आठ दशमल तीन इन्च चौडाइ र एघार दशमलब सात इन्च लम्बाइ सम्म साइज भएको) कागजमा तयार गरिएको वा रहेको पाँच पृष्ठ सम्मको सूचना निःशुल्क उपलव्ध गराइनेछ।
- पाँच पृष्ठ भन्दा धेरै सूचना दिँदा निम्न अनुसार दस्तुर लिइनेछ।
  - ✓ सामान्य आकारको (आठ दशमलब तीन इन्च चौडाइ र एघार दशमलब सात इन्च लम्बाइसम्म आकार भएको) कागजमा तयार गरिएको वा रहेको पाँच पृष्ठभन्दा बढी सूचनाको लागि प्रति पृष्ठ पाँच रूपैयाँ लाग्नेछ।
  - ✓ माथि उल्लेख भए भन्दा ठूलो आकारको कागजमा तयार गरिएको वा रहेको सूचनाको लागि प्रति पृष्ठ दश रूपैयाँ दस्तुर लाग्नेछ। सुरुका पाँच पेज निःशुल्क दिनुपर्ने वाध्यता यसमा रहने छैन।
  - ✓ डिस्केट, सीडी र अन्य यस्तै प्रकारका डिजिटल माध्यम र प्रविधिद्वारा प्रदान गरिने सूचनाको लागि प्रति डिस्केट, सीडी वापत पचास रूपैयाँ दस्तुर,

- ✓ कुनै सूचना तयार गर्दा माथि लेखिए भन्दा बढी खर्च लाग्ने भएमा वास्तविक लागतको आधारमा दस्तुर लिइनेछ।
- ✓ सार्वजनिक निकायमा रहेक कुनै लिखत, सामग्री वा सो निकायको काम कारवाईको अध्ययन वा अवलोकन वा सार्वजनिक महत्वको निर्माण कार्य भइरहेको स्थलको भ्रमण वा अवलोकन आधा घण्टाभन्दा बढी समय गर्ने भएमा प्रतिघण्टा प्रतिव्यक्ति पचास रुपैयाँ दस्तुर लाग्नेछ। तर सार्वजनिक पुस्तकालय र सार्वजनिक रुपमा निःशुल्क उपलब्ध गराइएको स्थानको अवलोकन वापत दस्तुर लाग्ने छैन।
- ✓ प्रचलित कानुनमा सूचना माग गर्दा लाग्ने दस्तुरको सम्बन्धमा छुट्टै व्यवस्था भएकोमा भने सोही बमोजिम दस्तुर लाग्नेछ।
- ✓ मूल्य राखी विक्री वितरण गर्ने मुद्रित वा कुनै पनि माध्यमको सूचना सामग्रीको दस्तुर त्यसमा अंकित वा निर्धारित मूल्य बमोजिम नै हुनेछ।
- ✓ तर अर्थ मन्त्रालयको उद्देश्य र कामको प्रर्वद्धनका लागि वितरण गरिने सूचना-सामग्रीको शुल्क लाग्ने छैन।

**(ख) सूचना उपलब्ध गराए बापत दस्तुर लिने तरिका**

(१) नगद लिएर राजस्व खातामा जम्मा गर्न सकिनेछ।

(२) कुनै बैंकमा जम्मा गर्न लगाई सोको भौचर पेश गर्न लगाउन सकिनेछ।

(३) सो रकम बराबरको हुलाक टिकट निवदेनमा टाँस्न लगाउन पनि सकिनेछ।

**(ग) सेवा प्राप्त गर्न लाग्ने अवधि**

(१) सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ ले तोकेको अवधि भित्र, निवेदन प्राप्त भएपछि सूचना अधिकारीले तत्काल उपलव्ध गराउन सकिने प्रकृतिको सूचना भए तत्काल र तत्काल उपलव्ध गराउन नसकिने प्रकृतिको सूचना भए निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निवेदकलाई उपलव्ध गराईनेछ। कुनै व्यक्तिको जीउ ज्यानको सुरक्षासंग सम्बन्धित सूचना माग गरेको पाईएमा २४ घण्टाभित्र उपलव्ध गराइने छ।

(२) अन्य विशेष ऐन नियमले अवधि तोकेकोमा सोही बमोजिम हुनेछ।

## ६. निर्णय गर्ने प्रक्रिया र अधिकारीः

**(क) निर्णय प्रक्रिया सम्बन्धमाः**

(१) मन्त्रालयले उपलव्ध गराउने सेवा सम्बन्धमाः

- सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका, २०६५ बमोजिम।

(२) सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम माग गरिने सूचना सम्बन्धमाः

- सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ बमोजिम।

**(ख) निर्णय गर्ने अधिकारी सम्बन्धमाः**

- मन्त्रालयले सम्पादन गर्ने नीतिगत एवं अन्य कार्यहरु सम्बन्धमाः
- मन्त्रिपरिषदमा प्रस्ताव पठाएर
- माननीय अर्थ मन्त्रीस्तरबाट
- अर्थ सचिवस्तरबाट
- सचिव(राजस्व) स्तरबाट
- माननीय अर्थ मन्त्रीबाट प्रत्यायोजित अधिकार बमोजिम
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ बमोजिम प्राप्त अधिकार बमोजिम, र
- अन्य विशेष ऐन, नियमले सचिवले गर्ने भनी तोकिएका कामहरु।
- सचिवले प्रत्यायोजन गरेको अधिकार वमोजिम तोकिएको कर्मचारीले।
- सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम माग गर्ने सूचना सम्बन्धमा अर्थ सचिवले।

## ७. निर्णय उपर उजुरी सुन्ने अधिकारीः

**क) अर्थ मन्त्रालयले उपलव्ध गराउने सेवा सम्बन्धमाः-**

प्रचलित ऐन कानूनमा तोकिएको व्यवस्था बमोजिम

**ख) सूचनाको हक सम्बन्धी ऐन, २०६४ वमोजिम परेको उजुरी सम्बन्धमाः-**

राष्ट्रिय सूचना आयोग

## ८. सम्पादन गरेका मुख्य मुख्य कामको विवरणः

### ८.१. समष्टिगत आर्थिक परिसूचकः

| क्र.स | आर्थिक परिसूचकहरु | उपलब्धि/अवस्था | कैफियत |
|---|---|---|---|
| १. | आर्थिक बृद्धि | ७.०५% (प्रारम्भिक अनुमान) | |
| २. | उपभोक्ता मुद्रास्फीति (जेठसम्म) | ४.५ % | |
| ३. | शोधनान्तर स्थिति (जेठसम्म) | रु. ९० अर्व ८३ करोड घाटा | |
| ४. | सरकारी कोषको अवस्था | रु. १०६ अर्व ९१ करोड | |
| ५. | बैदेशिक ब्यापार | | |
| | आयात | रु. १४१८ अर्व ५४ करोड | |
| | निर्यात | रु. ९७ अर्व ११ करोड | |
| ६. | विदेशी विनिमय सञ्चिती पर्याप्तता (जेठसम्म) | ७.७ महिनाको बस्तु तथा सेवा | |
| ७. | विप्रेषण (जेठसम्म) | रु. ७९९ अर्व २ करोड | |

| | | | |
|---|---|---|---|
| ८. | राजस्व परिचालन | रु. ८५९ अर्व ५९ करोड राजस्व संकलन प्रारम्भिक अनुमान भएको। | |
| ९. | नेप्से परिसूचक | १२५९.०२ | |

## ८.२ आर्थिक वर्ष २०७५/७६ को बजेटः

- नेपाल सरकारको कूल बजेट रु. १३ खर्व १५ अर्व १६ करोड १७ लाखमध्ये संशोधित लक्ष्य रु. १२ खर्व ८ अर्व रहेकोमा चालुतर्फ रु. ७ खर्व ८३ अर्व, पूँजीगततर्फ रु. २ अर्व ७३ खर्व र वित्तीय व्यवस्थातर्फ रु. १ खर्व ५२ अर्व रहेको छ।

## ८.३. राजश्व परिचालनमा भएको सुधार

१. कर प्रशासनमा रहेका संस्थागत विकृति र विसंगति हटाउन कर फछ्र्यौट ऐन खारेज गरी आयोगको ब्यवस्था अन्त्य गरिएको।

२. करको दायरा सुदृढ र कर व्यवस्था पारदर्शी बनाउन साविकमा कायम रहेको विक्रीमा संकलित मूल्य अभिवृद्धि कर फिर्ता सम्बन्धी व्यवस्था खारेज गरिएको। (जस्तैः कपडा, सेलुलर मोवाइल, घ्यू तेल, मैदा, चिनी, चिया आदि) खारेज गरिएको।

३. आर्थिक वर्ष २०७५/७६ मा रु. ८६० अर्व संशोधित लक्ष्य रहेकोमा रु. ८५९ अर्व ५९ करोड राजस्व संकलन भएको प्रारम्भिक अनुमान छ। यो राजस्व संकलन रकम गत आर्थिक वर्षको सोहि अवधिको तुलनामा २२.६१ प्रतिशतले बढी हो।

४. अन्तराष्ट्रिय कारोवारमा शुद्धता ल्याउन मित्र राष्ट्र बंगलादेशसँग दोहोरो कर मुक्ति तथा वित्तीय छल निरोध सम्बन्धी सम्झौतामा २०७५ फागुन २१ मा हस्ताक्षर सम्पन्न भएको। यसैगरी संयुक्त अधिराज्य वेलायतसंग दोहोरो कर मुक्ति तथा वित्तीय छल निरोध सम्बन्धी सम्झौता प्रक्रियालाई अगाडी बढाईएको।

५. **करको दायरा विस्तार** १,९९,१६६ करदातालाई व्यावसायिक स्थायी लेखा नम्बर (B-PAN) र २,२९,८५० करदातालाई व्यक्तिगत स्थायी लेखा नम्बर (P-PAN) वितरण गरिएको। व्यावसायिक स्थायी लेखा नम्बर लिएकामध्ये ३६,५३२ करदाता मूल्य अभिबृद्धि करमा र १६,६८८ करदाता अन्तःशुल्कमा थप दर्ता भएका छन। हालसम्म व्यावसायिक स्थायी लेखा नम्बर लिने करदाता १२,३७,४३२, व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाता ९,९६,४९६, मूल्य अभिबृद्धि करमा दर्ता हुने करदाता २,३१,०७९ र अन्तशुल्कमा दर्ता हुने करदाता ८२,१९९ पुगेको।

६. २०७५ साउन १ गते देखि राजस्व संकलनमा प्रविधिको प्रयोग वढाउन राजस्व संकलन गर्न तोकिएका सवै वैंकका जुनसुकै शाखाबाट राजस्व वुझाउन सक्ने व्यवस्था (Any Branch Bank System) शुरु गरिएको। सरकारलाई प्राप्त हुने सवै प्रकारको राजस्व र सरकारको तर्फबाट हुने सबै प्रकारका भुक्तानी विद्युतीय प्रणालीबाट गर्ने सिलसिलामा नेपाल सरकारको तर्फबाट हुने सवै भुक्तानी र रु. १ लाख सम्मको राजस्व Digital Payment बाट गर्ने प्रणाली कार्यान्वयनमा ल्याइएको ।

७. बिल बिजक लिनेदिने प्रणालीमा सुधार गरी कारोबारमा पारदर्शिता ल्याउन र कर प्रशासनको पहुंच स्थापित गर्न निश्चित प्रकृतिका कारोबार गर्ने करदाताले अनिवार्य रुपमा विद्युतीय माध्यमबाट बिजक जारी गर्ने व्यवस्था गरिए अनुरुप २०७५/७६ मा ३,२०४ वटा करदाताहरुले विद्युतीय माध्यमबाट विजक जारी गर्ने व्यवस्था मिलाइएको। यी करदातामध्ये ११८ करदाता केन्द्रीय विलिङ्ग अनुगमन प्रणाली (Central Billing Monitoring System, CBMS) मा आवद्ध गरिएको।
८. शिक्षा र स्वास्थ्य जस्ता आधारभूत क्षेत्रमा साविकदेखि लाग्दै आएको शिक्षा सेवा शुल्क र स्वास्थ्य सेवा कर खारेज गरिएको। स्वास्थ्य सेवामा मूल्य अभिवृद्धि कर समेत नलाग्ने व्यवस्था गरिएको।
९. कर प्रणालीलाई लगानी मैत्री बनाई उत्पादनमूलक उद्योग तथा व्यवसायको प्रवर्द्धन गर्न निम्न बमोजिम राजस्व छुट तथा सहुलियत प्रदान गरिएको;

- स्वदेशी चिया उत्पादन र प्रशोधन  गर्ने उद्योग, दुग्ध पदार्थको कारोबार गर्ने डेरी उद्योग र कपडा उत्पादन गर्ने उद्योगले आफ्नो उत्पादनको बिक्री गरी प्राप्त गरेको आयमा लाग्ने आयकरको दरमा ५० प्रतिशतले,
- सामुदायिक संस्थाबाट सञ्चालन गरिएका स्वास्थ्य संस्थाहरुको करयोग्य आयमा लाग्ने करमा २० प्रतिशत,
- लघु उद्यमलाई व्यवसाय वा कारोबार शुरु गरेको मितिले ५ वर्षसम्म लाग्ने आयकर पूर्ण रुपमा छुट, त्यसैगरी यस्तो लघु उद्यम महिला उद्यमीबाट सञ्चालन भएमा थप २ वर्ष लाग्ने आयकर पूर्ण रुपमा,
- सामुदायिक शिक्षण संस्थाहरुले विद्यार्थी ओसार्ने प्रयोजनका लागि आयात गर्ने बसमा ७५ प्रतिशत भन्सार महसुल तथा मुल्य अभिवृद्धि कर र अन्तशुल्क पूर्ण रुपमा, र
- फलफूलका बिरुवा तथा बीउविजनको आयातमा लाग्ने भन्सार महसुल र कृषि सुधार शुल्क पूर्ण रुपमा।

१०. स्थानीय निकायले खरिद गर्ने (महानगरपालिका र उपमहानगरपालिकालाई बढीमा ३ थान, नगरपालिका र गाउँपालिकालाई बढीमा २ थान) एम्बुलेन्समा राजस्व छुटसम्बन्धी मापदण्ड, २०७५ नेपाल सरकारबाट स्वीकृत गरी सोही अनुरूप छुट दिइएको।
११. आन्तरिक राजस्व विभागको दोस्रो रणनीतिक योजना (२०१८/१९-२०२२/२३) कार्यान्वयनमा ल्याइएको।
१२. भन्सारमा मालवस्तुको घोषणा, वर्गीकरण र मूल्याङ्कन प्रणालीमा सुधार गर्न थप ७ भन्सार कार्यालयमा स्वचालित प्रणालीबाट जाँचपास गर्ने प्रणाली (आसिकुडा वर्ल्ड) लागु भई यस प्रणालीबाट जाँचपास हुने कार्यालयको संख्या जम्मा **२३** पुगेको। यस प्रणालीले नेपालको कुल आयात निर्यातको करीब ९९ प्रतिशतलाई समेटेको तथा ८५ प्रतिशत मालबस्तु

भन्सार परिसरमा प्रवेश गरेकै दिन जाँचपास हुने गरेको। १६ भन्सार कार्यालयमा आईपी क्यामेरा जडान गरी भन्सार विभाग र मन्त्रालयबाट कार्यालयहरुको प्रत्यक्ष निगरानी गर्न सकिने व्यवस्था मिलाइएको।

१३. थप ७ वटा भन्सार कार्यालय बैंक काउन्टरको ब्यवस्था गरिएको यसरी जम्मा १७ भन्सार कार्यालय परिसरमा बैंक काउन्टरको व्यवस्था गरिएको।

१४. भारत सरकारबाट निर्माण भई नेपाल सरकारलाई हस्तान्तरण भएको वीरगञ्जस्थित एकीकृत भन्सार जाँच चौकी संचालनमा ल्याइएको ।

१५. व्यापार सहजीकरण र ढुवानी लागत एवं समय कम गर्न कलकत्ता र विशाखापट्टनम बन्दरगाहबाट आयात हुने मालबस्तुमा विद्युतीय मालबस्तु ट्र्याकिङ्क प्रणाली लागू गरिएको। व्यापारमा ढुवानी समय र लागत कम गर्न कलकत्ता बन्दरगाहमा रहेको भन्सार एजेन्टको व्यवस्था हटाइएको।

## ८.४ खर्च व्यवस्थापनमा भएको सुधार

१. चालू आर्थिक वर्षको २०७५/७६ मा बजेट खर्चको स्थिति प्रारम्भिक अनुमान निम्नानुसार रहेको छ।

- कुल खर्च रु. १०९४ अर्व = ९१.२%
  - ➢ चालु खर्च रु. ७१५ अर्व = ८९.६%
  - ➢ पूंजीगत खर्च रु. २३८ अर्व = ८९.८%
  - ➢ वित्तीय व्यवस्था रु. १४१ अर्व २४ करोड = ९२.४९%
- कुल खर्च गत आर्थिक वर्षको सोहि अवधिको तुलनामा ०.८ प्रतिशतले बढी हो। जुन चालु खर्च तर्फ २.६ प्रतिशत र वित्तीय व्यवस्था तर्फ २०.५ प्रतिशतले बढी हो भने पूँजीगत खर्च तर्फ १२.२ प्रतिशतले कम हो।

२. कार्यालय सञ्चालन र उपभोग खर्च कम गर्दै पूँजीगत खर्च वृद्धि गर्ने अभिप्रायले नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयानुसार सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन,२०७५ कार्यान्वयनमा ल्याइएको।

३. सार्वजनिक खर्च, विकास र विनियोजनबीच सामञ्जस्य कायम गर्न आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी कानुन तर्जुमा गरिएको। अन्तर सरकारी वित्त परिषद्को बैठक तथा अन्तरक्रिया मार्फत् सङ्घ, प्रदेश र स्थानीय तहबीचका राजस्व र खर्चको साझा अधिकारको सूचीलाई थप व्यवस्थित बनाइएको।

४. सङ्घीय विभाज्य कोषमार्फत् उपलब्ध हुने राजस्व, संविधान प्रदत्त राजस्वका स्रोतहरू माथिको अधिकार कार्यान्वयन गर्न गरिएका कानुनी व्यवस्था र सङ्घको बजेट मार्फत् विभिन्न अनुदान (विशेष, समपूरक, सशर्त र समानीकरण) लाई कार्यान्वयमा ल्याई न्यायिक ढङ्गले स्रोत उपलब्ध गराउने कार्य भएको।

५. प्रादेशिक सार्वजनिक खर्च प्रणालीलाई सुदृढ बनाउन प्रादेशिक कोष तथा लेखा नियन्त्रक कार्यालयहरूको स्थापना गरिएको। प्रदेश र स्थानीय तहको खर्चको एकीकृत वित्तीय विवरण तयार पार्ने, लेखापरीक्षण गर्ने र जबाफदेहिता कायम गर्ने व्यवस्था मिलाइएको।

६. सरकारी वित्त तथ्याङ्क प्रणाली, २०१४ मा आधारित एकीकृत आर्थिक संकेत र वर्गीकरण र व्याख्या अनुसार सरकारी खर्च लेखांकनका लागि मन्त्रालय बजेट तर्जुमा सूचना प्रणालीमा कार्यालय संकेत, बजेट उपशीर्षक,खर्च शीर्षक जस्ता कोडिङ्गलाई समावेश गरिएको।

७. खर्च प्रणालीको स्थिति तथा समस्या पहिचान गरी खर्च प्रणालीलाइ संघीय संरचना मैत्री, पारदर्शी र विनियोजन कुशलता अभिवृद्धि गर्न आयोग गठन भइ प्रतिवेदन पेश भएको।

८. पहिलोपटक नेपाल सरकारका सबै केन्द्रीय निकायको नेपाल सार्वजनिक क्षेत्र लेखामानमा आधारित वित्तीय प्रतिवेदन तयार गरिएको।

९. २०७५ पौष १० गतेदेखि सबै कोष तथा लेखा नियन्त्रक कार्यालयबाट विद्युतीय भुक्तानी प्रणालीबाट निकासा हुने व्यवस्था गरिएको।

१०. उखु किसानलाई प्रति क्वीन्टल रु. ६५।२८ अनुदान प्रदान गर्ने प्रयोजनका लागि कृषि तथा पशु विकास मन्त्रालयमार्फत सम्बन्धित कृषकहरूलाइ अनुदान वितरण गर्न रु. ९२ करोड ७ लाख निकासा गरिएको।

११. चालु आर्थिक वर्षमा जम्मा रु. ८१ अर्व ३५ करोड सोधभर्ना प्राप्त भएको। सोधभर्ना हुन बाँकी रु. ३८ अर्व ५९ करोड चालु वर्षमा जिम्मेवारी सरेको।

१२. आर्थिक वर्ष २०७६/७७ को रु. १५३२ अर्व ९६ करोडको बजेट संघीय संसदमा जेठ १५ गते पेश भई स्वीकृत समेत भएको।

## ८.५. आन्तरिक ऋण

आर्थिक वर्ष २०७४/७५ मा रू. १४४ अर्ब ७५ करोड आन्तरिक ऋण परिचालन गरिएकोमा आर्थिक वर्ष २०७५/७६ मा रु. ९६ अर्व ३८ करोड मात्र आन्तरिक ऋण परिचालन गरिएको छ।

## ८.६. बाह्य सहायता परिचालन

१. आर्थिक वर्ष २०७५/७६ मा अनुदान सहायता रु. ३३ अर्ब ४३ करोड र ऋण सहायता रु. १०४ अर्ब ८३ करोड ऋण सहायता गरी जम्मा रु. १३८ अर्ब २६ करोडको वैदेशिक सहायता प्रतिबद्धता प्राप्त भएको। जुन गत आर्थिक बर्षको सोही अवधिको तुलनामा (*MCC* बाहेक) ८.१ प्रतिशतले कम हो । गत आर्थिक बर्षमा रु. १५० अर्ब ४९ करोड (*MCC* बाहेक) को प्रतिबद्धता प्राप्त भएको थियो।

२. चिनीया सहायताबाट नेपालको पूर्वाधार विकासको क्षेत्रमा लगानीको लागि परियोजनाहरु पहिचान हुनुको साथै पुनःनिर्माणको लागि रु. १६ अर्ब आर्थिक सहायता समेत प्राप्त भएको,
३. नेपालमा पूर्वाधार निर्माणमा लगानी गर्ने गरि चिनीया र नेपालको संयुक्त लगानीमा पूर्वाधार विकास बैंक स्थापना गर्न नेपाल सरकारबाट सैद्धान्तिक स्वीकृति प्राप्त भएको,
४. एशियाली पूर्वाधार लगानी बैंकले तामाकोशी पाँचौ जलविद्युत परियोजनामा लगानी गर्न सहमति जनाएको केही पूर्वाधार आयोजना अध्ययनको लागि अनुदान प्राप्त हुने भएको,
५. विश्व बैंक मार्फत करिव रु. ३३ अर्ब Development Policy Credit (DPC) मार्फत Budgetary Support प्राप्त भएको,
६. बदलिँदो अन्तर्राष्ट्रिय परिवेश र सङ्घीय शासन प्रणालीको मर्म अनुरूप प्रदेश तथा स्थानीय तहसम्म वैदेशिक सहायताको परिचालन हुने व्यवस्था मिलाउन अन्तर्राष्ट्रिय आर्थिक सहायता परिचालन नीति मन्त्रिपरिषदबाट स्वीकृत भई कार्यान्वयनमा आएको।
७. वैदेशिक सहायताको परिचालन बढाउने, परिचालनलाई राष्ट्रिय प्राथमिकता अनुकूल बनाउने, उपलब्ध सहायताको उपयोग बढाउने प्रयास स्वरूप राष्ट्रिय बजेट प्रणालीभित्रै रहेर बजेट सहायता लिने क्रम बृद्धि भएको।

## ८.७. वित्तीय संघीयता कार्यान्वयनमा भएको सुधार

१. संघ, प्रदेश र स्थानीय तहले सञ्चालन गर्ने कामको वाँडफाँड, राजस्व वाँडफाँड तथा अनुदान वितरण सम्वन्धी सुत्र स्वीकृत गरी कार्यान्वयनमा ल्याईएको,
२. वित्तीय संघीयता कार्यान्वयनका लागि संघ, प्रदेश र स्थानीय तहको विभाज्य कोषहरु २०७५ श्रावण देखि संचालनमा ल्याइएको। साथै, प्रदेश तथा स्थानीय विभाज्य कोष संचालनको मार्गदर्शन समेत तयार गरी पठाइएको।
३. नेपाल सरकार, प्रदेश र स्थानीय तहको खर्च र राजश्व परिचालनमा देखिएका समस्याहरुलाई सम्वोधन गर्न अन्तर सरकारी वित्त परिषदको मंसिर र चैत्रमा बैठक सम्पन्न गरिएको।
४. मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनमा लाग्ने अन्तःशुल्कको १५/१५ प्रतिशत प्रदेश र स्थानीय तहलाई उपलब्ध गराउने गरी राजस्व बाँडफाँटको विस्तृत आधार र ढाँचा निर्धारण गरिएको। प्रदेश र स्थानीय तहले प्रत्येक महिनाको १५ गतेभित्र राजस्व बाँडफाँट बापतको रकम प्राप्त गर्ने व्यवस्था मिलाइएको।
५. प्रदेश र स्थानीय तहको खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा सूचक निर्माण गरी सङ्घीय सञ्चित कोषबाट प्रदेश र स्थानीय तहमा वित्तीय समानीकरण अनुदान उपलब्ध गराइएको।

६. नेपाल सरकारले प्रदेश सरकार र स्थानीय तहलाई हस्तान्तरण गर्ने सशर्त अनुदानका आधारहरू तयार गरी प्रदेश र स्थानीय तहमा आर्थिक वर्ष २०७५/७६ मा कार्यक्रम/आयोजनाहरू कार्यान्वयनका लागि हस्तान्तरण गरिएको।

७. आर्थिक वर्ष २०७५/७६ मा वित्तीय समानीकरण अनुदान र सशर्त अनुदान रकम नियमित रूपमा खर्च प्रतिवेदन प्राप्त भएका आधारमा निकासा गर्ने व्यवस्था मिलाइएको। आर्थिक वर्ष २०७४/७५ को सशर्त अनुदानतर्फ खर्च नभई बाँकी रहेका रकम संघीय संचित कोषमा फिर्ता गर्ने व्यवस्था गरिएको।

८. नेपाल सार्वजनिक क्षेत्र लेखामान (Nepal Public Sector Accounting Standard -NPSAS) अनुरूप प्रदेश र स्थानीय तहहरूका लागि प्रतिवेदन ढाँचा महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत गराई कार्यान्वयनमा ल्याइएको।

९. संघीयता कार्यान्वयनको पहिलो वर्ष भएको कारण सबै संगठन संरचना तयार नभइ सक्दा पनि समयमै नेपाल सरकार, प्रदेश र स्थानीय तहको आर्थिक वर्ष २०७४/७५ को सञ्चित कोष एकीकृत वित्तीय विवरण तयार गरी महालेखा परीक्षक समक्ष पेश गर्नुको साथै सार्वजनिक समेत गरिएको।

१०. स्थानीय तहको सञ्चित कोषमा ("ग" समूहका सम्पूर्ण खाताहरुमा) जम्मा भएको सम्पूर्ण रकमको ५० प्रतिशत रकम स्थानीय तहमा रहेका बाणिज्य बैंकहरुमा पठाउने व्यवस्था मिलाइएको।

११. नेपाल सरकार, प्रदेश र स्थानीय तहमा लागू हुने गरी आन्तरिक नियन्त्रण दीग्दर्शन स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको।

१२. संघीय तथा प्रदेश सरकारको राजस्वको कारोवार समेटी एकीकृत आर्थिक संकेत, वर्गीकरण तथा व्याख्या अनुरुप राजस्व व्यवस्थापन सूचना प्रणाली तयार गरी लागू गरिएको।

१३. प्रदेश र स्थानीय तहमा राजस्वको बाँडफाँट र वित्तीय समानीकरण अनुदानको आधार र मापदण्ड नेपाल सरकार मं प बाट स्वीकृति भएको।

## ८.८ वित्तीय प्रणालीमा भएको सुधार

१. वित्तीय सेवा विस्तार गरी सर्वसाधारणमा वित्तीय पहुँच पुऱ्याउन नयाँ वित्तीय संस्थाहरूको स्थापना र विद्यमान वित्तीय संस्थाहरूको विस्तार गरिएको छ। ७३२ स्थानीय तहहरूमा मात्र वाणिज्य बैङ्कहरूको उपस्थिति पुगेको। सबै स्थानीय निकायसम्म बैङ्कका शाखा विस्तार भएसँगै बीमा सेवा, लघुवित्त सेवा, बचत तथा ऋण सहकारी सेवा तथा विप्रेषण सेवाको विस्तार भएकाले वित्तीय सेवामा सर्वसाधारणको पहुँच बढेको।

२.साना निक्षेपकर्ताको निक्षेप र साना कर्जा सुरक्षणको सीमा वृद्धि गरी निक्षेप सुरक्षण रु. २ लाखबाट वृद्धि गरी रु. ३ लाख कायम गरिएको। रु. ३ लाखसम्मको बचत सुरक्षण भई निक्षेप सुरक्षण हुने खाता सङ्ख्या २ करोड २३ लाख पुगेको।

३.नागरिक लगानी कोष र कर्मचारी सञ्चय कोषमा रहेको बचतलाई सामाजिक सुरक्षा र आर्थिक वृद्धिमा सहयोगी बनाउन कानुनी, नीतिगत र संगठनात्मक प्रावधानहरूलाई परिमार्जन गरिएको।

४.स्वरोजगार तथा अन्य रोजगारी बढाउन बिदेशबाट फर्केका युवा, महिला, दलित शिक्षित व्यक्तिलाई सहुलियतपूर्ण ऋण तथा ब्याज अनुदान उपलब्ध गराउने व्यवस्था कार्यान्वयनमा आएसँगै हजारौं युवा तथा वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरू स्वदेशी रोजगारीमा आबद्ध भएका छन्। चालू आर्थिक बर्षको बजेटमा व्यवस्था भएको विभिन्न ७ प्रकारका कर्जाहरूलाई सहुलियतपूर्ण ऋण तथा व्याज अनुदान उपलब्ध गराउने सम्बन्धी एकीकृत कार्यविधि नेपाल सरकारबाट २०७५ भाद्र २१ मा स्वीकृत भई ऋण प्रवाह शुरु भएको। जेठसम्मको तथ्याङ्क बमोजिम यस कार्यक्रमबाट १६,६८२ जनालाई रू. ३४ अर्व ४१ करोड ऋण प्रवाह भई रु. १ अर्व १६ करोड व्याज अनुदान वितरण भएको।

५.आर्थिक गतिविधिमा विस्तार भएसँगै बैङ्क कर्जाको बढ्दो मागलाई सम्बोधन गर्न वाणिज्य बैङ्कहरूले विदेशी बैङ्क तथा त्यस्तै प्रकारका वित्तीय संस्थाबाट ऋण लिन पाउने व्यवस्था मिलाईएको।

६.आगामी २ वर्षभित्र सबै बीमा कम्पनीहरूले कूल बिमा कारोबारमध्ये लघु बिमाको कारोबार कम्तिमा १० प्रतिशत पुऱ्याउन लघुबिमा निर्देशिका, २०७१ मा संशोधन गरी कार्यान्वयनमा ल्याइएको।

७.बैङ्क तथा वित्तीय संस्थाहरूले परिवर्त्य विदेशी मुद्रालगायत भारतीय मुद्रामा समेत आफ्नो प्राथमिक पुँजीको ५० प्रतिशतसम्म ऋण लिन पाउने व्यवस्था गरिएको।

८.दीर्घकालीन कर्जा लगानीको मागलाई सम्बोधन गर्नका लागि बैङ्क तथा वित्तीय संस्थाले प्राथमिक पूँजीको शत प्रतिशतसम्म दीर्घकालीन ऋणपत्रजारी गर्न पाउने व्यवस्था गरिएको।

९.वाणिज्य बैङ्कहरूले आफ्नो कुल कर्जाको न्यूनतम २५ प्रतिशत प्राथमिकता प्राप्त क्षेत्रमा प्रवाह गर्नुपर्ने व्यवस्थालाई थप विशिष्टीकृत गरी कृषि क्षेत्रमा न्यूनतम १० प्रतिशत र ऊर्जा तथा पर्यटन क्षेत्रमा न्यूनतम १५ प्रतिशत कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था गरिए अनुरूप बैङ्कहरूको यी क्षेत्रमा उलेख्य कर्जा विस्तार भएको।

१०. कर्मचारी सञ्चयकोषबाट २०७५ मङ्सिर १ गतेदेखि लागु हुने गरी सञ्चयकर्ताको लागि औषधोपचारमा रु. १ लाख तथा घातक (कडा) रोगको उपचारमा रु. १० लाखसम्मको बिमा योजना कार्यान्वयनमा ल्याइएको। यसबाट सञ्चयकर्ताहरू थप लाभावान्वित भएका छन्।

११. राष्ट्रसेवक कर्मचारीहरुको सावधिक बीमासम्बन्धी कार्यविधि नेपाल सरकारबाट २०७५ मंसिर ३ मा स्वीकृत भै कार्यान्वयनमा ल्याइएको।

१२. बैङ्क तथा वित्तीय संस्थाहरूले रु. ५० करोड वा सोभन्दा बढीको कर्जा उपयोग गर्ने ऋणीलाई कर्जा प्रवाह गर्दा वा कर्जा नवीकरण गर्दा सो संस्थाको क्रेडिट रेटिङ्ग एजेन्सीबाट रेटिङ्ग गरिएको हुनुपर्ने व्यवस्था गरिएको।

१३. विदेशी लगानी प्रवाहलाई सहजीकरण गरी नेपालको बाह्य क्षेत्रमा साख अभिवृद्धि गराउँदै लगानी भित्र्याउन सजिलो तुल्याउने दृष्टिकोणले मुलुकको क्रेडिट रेटिङ्ग गर्ने प्रकृयाको शुरूवात गरिएको।

१४. लगानीकर्ताहरूले वैदेशिक ऋण परिचालन गर्दा हुने विनिमय दरको जोखिम न्यूनीकरण गर्न यस्तो ऋणको हेजिङ्ग हुने व्यवस्था गरिएको छ। यसका लागि हेजिङ्ग नियमावली तर्जुमा गरी लागू गरिएको।

१५. स्टार्ट अप, प्राइभेट इक्वीटी, भेन्चर क्यापिटललाई प्रवर्द्धन गरी व्यवसायिक तथा औद्योगिक क्रियाकलापमा लगानी विस्तारका लागि कानुनी व्यवस्था गर्न वैकल्पिक लगानी कोष नियमावली तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको।

१६. सूचना प्रविधिको माध्यमद्वारा पुँजीबजारमा लगानीकर्ताको प्रत्यक्ष पहुँचका लागि २०७५ कार्तिक २० गतेदेखि NEPSE को स्वचालित प्रणाली मार्फत शेयर खरिद विक्री शुरू गरिएको।

१७. भुक्तानी तथा फछ्र्यौट कारोबारलाई व्यवस्थित र प्रभावकारी बनाउन भुक्तानी तथा फछ्र्यौट कानुन तर्जुमा गरिएको।

१८. नेपाल सरकारको १० प्रतिशत स्वामित्व रहने गरी रु. २० अर्ब अधिकृत पुँजी भएको नेपाल पूर्वाधार विकास बैङ्क स्थापना गरी सञ्चालनमा ल्याईएको।

१९. वित्तीय सेवामा नेपालीको सहज पहुँच पुऱ्याउन सबै नेपालीको बैङ्क खाता खोल्ने अभियान निरन्तर रहेको। २०७५ जेठमसान्तसम्म बैंक तथा वित्तीय संस्थाको शाखा संख्या ८,५६४ पुगेको।

२०. वित्तीय क्षेत्रमा विदेशी स्रोत परिचालन गर्न वाणिज्य बैंकहरूले विदेशी बैंक तथा त्यस्तै प्रकारको वित्तीय संस्थाबाट कर्जाको रूपमा आउने पूँजीलाई भित्र्याउने व्यवस्था कार्यान्वयनमा ल्याईएको।

२१. ७० वर्ष माथिका जेष्ठ नागरिकको स्वास्थ्य बीमा शुल्क सरकारले व्यहोर्ने व्यवस्था गर्न स्वास्थ्य बीमा नियमावलीमा समावेश गरी नियमावली स्वीकृत गरिएको।

२२. साना किसानहरूले तत्कालिन साझा सहकारी संस्थाहरूबाट लिएको सम्पूर्ण ऋण मिनाहा गर्न रु. २९ करोड ३९ लाख ७० हजार निकासा गरि कृषि विकास बैंकबाट हिसाब मिलान भईसकेको।

२३. साना किसानहरूलाई लक्षित गरी कृषि कर्जा कार्यक्रमलाई थप प्रभावकारी बनाउन नेपाल राष्ट्र बैंक मार्फत सञ्चालित ग्रामिण स्वावलम्वन कोष कार्यक्रमको साना किसान विकास लघु वित्त संस्था मार्फत परिचालन गर्ने सम्बन्धी कार्यविधि स्वीकृत भई कार्यान्वयनमा आएको।

२४. सबै प्रकारका भुक्तानीहरूलाई विद्युतीय माध्यमबाट गर्ने कार्य RTGS (Real Time Gross Settlement) प्रणालीको कानूनी आधार तर्जुमा गर्न नेपाल राष्ट्र बैंक मार्फत अन्तिम चरणमा पुगेको।

२५. पछिल्लो समयमा मुद्रा तथा पूँजी बजारमा देखिएका प्रबृत्तिहरुको (व्याजदर, शेयर वजार, दीर्घकालीन ऋणपत्र) समग्र मूल्यांकन गरी वित्तीय स्थायित्व एवं लगानीका लागि वित्तीय स्रोत व्यवस्थापनमा देखिएका समस्याहरु पहिचान गरी सुझाव पेश गर्न गठित समितिको प्रतिवेदन तोकिएको कार्ययोजना अनुरूप कार्यान्वयन भइरहेको।

## ८.९. कानून तथा कार्यविधि निर्माणमा भएको प्रगति :

**प्रमाणीकरण भएका कानूनहरूः**

(क) निवृत्तभरण कोष सम्बन्धमा व्यवस्था गर्न **ब**नेको विधेयक,
(ख) भुक्तानी तथा फछ्यौंट सम्बन्धमा व्यवस्था गर्न **ब**नेको विधेयक,
(ग) लेखापरीक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,

**प्रदेश तथा स्थानीय तहलाई वित्तीय संघीयता अनुरुप निम्न नमूना कानून/कार्यविधि/मार्गदर्शन तयार गरी पठाइएकोः**

(क) प्रदेश तथा स्थानीय तहको आर्थिक कार्यविधि ऐन,
(ख) प्रदेश तथा स्थानीय तहको कर तथा गैरकर राजस्व ऐन,
(ग) प्रदेश तथा स्थानीय तहको आर्थिक ऐन,

(घ) प्रदेश तथा स्थानीय तहको विनियोजन ऐन,

(ङ) प्रदेश वित्त व्यवस्थापन ऐन,

(च) प्रदेश तथा स्थानीय तहको संचितकोष संचालन कार्यविधि, र

(छ) प्रदेश तथा स्थानीय तह बजेट कार्यान्वयन मार्गदर्शन।

**संघीय संसदमा पेश भएका**

(क) बीमा सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक,

(ख) नागरिक लगानी कोष ऐनलाई संशोधन गर्न बनेको विधेयक,

(ग) संघीय आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक,

**स्वीकृत नियमावलीहरू तथा नीतिः**

(क) हेजिङ्ग सम्बन्धी नियमावली,२०७५

(ख) विशिष्टिकृत लगानी कोष नियमावली, २०७५

(ग) धितोपत्र दर्ता तथा निष्काशन (दोस्रो संशोधन) नियमावली, २०७५

(घ) कर्जा सुरक्षण (पहिलो संशोधन) नियमावली,२०७५

(ङ) अन्तराष्ट्रिय आर्थिक सहायता नीति।

**खारेज गरिएका ऐनहरु**

(क) कर फछ्यौंट आयोग ऐन,२०३३

(ख) विदेशी लगानी कर ऐन, २०१९

(ग) घर जग्गा कर ऐन, २०१९

(घ) रकम तथा सरकारी ठेक्का बन्दोबस्त ऐन, २०१९

(ङ) सवारी साधन कर ऐन, २०३१

(च) सम्पत्ति कर ऐन, २०४७

